# बेनी राजपत्र

बेनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड: १ संख्या: ४ मिति: १ फाल्गुण, २०७५


## भाग-२

## बेनी नगरपालिकाको
## समपुरक कोष संचालन कार्यविधि २०७४

**नगर कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०७४/०४/३१**

प्रस्तावनाः वार्षिक विनियोजन ऐनले व्यवस्था गरे अनुसार समपुरक कोषमा विनियोजन गरेको रकमबाट खर्च गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक देखिएकोले नगर सभाबाट स्वीकृत वार्षिक विनियोजन ऐनले खर्च गर्न दिएको अधिकारलाई प्रयोग गरी बेनी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. यो कार्यबिधिको नाम " बेनी नगरपालिकाको समपुरक कोष सञ्चालन कार्यविधि, २०७४" रहेको छ । यो कार्यबिधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा र व्याख्या

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यबिधिको प्रयोजनका लागि निम्न विषयले निम्नानुसार जनाउनेछ ।

क) "ऐन" भन्नाले बेनी नगरपालिकाको बार्षिक बिनियोजन ऐनलाई सम्झनुपर्छ ।

ख) "कार्यबिधि" भन्नाले बेनी नगरपालिकाको समपुरक कोष सञ्चालन कार्यविधि, २०७४ सम्झनुपर्छ

।

ग) "कोष" भन्नाले बेनी नगरपालिकाको समपुरक कोष सम्झनुपर्छ ।

घ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनुपर्छ । सो शव्दले यस उप्रान्त हाल यस मन्त्रालयले सम्पादन गर्दै आएको कार्य गर्ने गरी भविष्यमा तोकिन सक्ने मन्त्रालयलाई समेत बुझाउँछ ।

ङ) "नगर कार्यपालिका" भन्नाले बेनी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

च) "प्रमुख" भन्नाले बेनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

छ) "उपप्रमुख" भन्नाले बेनी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

ज) "कार्यकारी अधिकृत" भन्नाले बेनी नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्छ ।

झ) "कार्यक्रमगत आर्थिक सहयोग" भन्नाले मेला, पर्व, दिवश, चाड, धार्मिक तथा साँस्कृतिक उत्सव, महोत्सब, खेलकुद कार्यक्रम लागि माग भइआएको सहयोग सम्झनुपर्छ ।

३. ऐनले स्वीकृत गरेको सीमाभित्र रही यस कोषको रकम निम्न विषयहरुमा खर्च गर्न सकिनेछ

क) विभिन्न कार्यक्रमका लागि म्याचिंग फण्ड राख्न अनुरोध भइआएका आयोजनाहरु ।

ख) स्थानीय तहको विभिन्न कोषमा व्यवस्था गर्नुपर्ने रकमहरु ।

ग) विगतमा जिल्ला समन्वय समिति वा अन्य विषयगत शाखाबाट सञ्चालन भइआएका र हाल त्यस्ता निकायबाट स्रोत अभावका कारण सञ्चालन गर्न नसकिएको भनी सम्वन्धित निकायबाट सिफारिस भईआएका आयोजनाहरु ।

घ) वार्षिक स्वीकृत कार्यक्रममा नपरेको तर अत्यावश्यक देखिएको परियोजनाहरु ।

ङ) मेला, पर्व, दिवश, चाड, धार्मिक तथा साँस्कृतिक उत्सव, महोत्सब, खेलकुद कार्यक्रमका लागि सहयोग माग भइआएका विषयहरु ।

च) कमजोर आर्थिक अवस्थाका कारण अत्यावश्यक देखिएका आर्थिक सहयोग, बेवारिसे मानव लास, मृत पशु चौपाया व्यवस्थापनसम्बन्धी खर्च ।

४. यो कार्यबिधि अनुसार खर्च गर्न आवश्यक रकमको स्वीकृत गर्न सक्ने अधिकार देहायबमोजिम हुनेछ ।वार्षिक स्वीकृत कार्यक्रममा नपरेको तर अत्यावश्यक देखिएको परियोजनाहरुको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ । वडा कार्यालयको क्षेत्रधिकारमा नपर्नेको हकमा वडा कार्यालयको सिफारिस आबश्यक पर्ने छैन ।

क) बुँदा नं ३ को खण्ड ख बमोजिम कार्यबिधिले तोके अनुसारको सम्पूर्ण रकम र खण्ड ङ र च को रु१० ,०००।— सम्मको रकम कार्यकारी अधिकृतले ।

ख) रु१०,००१ देखि १५,०००।— सम्मको रकम उप प्रमुखले ।

ग) रु१५,००१ देखि २५,०००।— सम्मको रकम प्रमुखले ।

घ) बुँदा नं ३ को खण्ड ग को हकमा आबश्यकता अनुसारको रकम र अन्यको हकमा रु २५,००१ देखि रु १,२५,०००।— सम्मको रकम नगर कार्यपालिकाले ।

५. नगरपालिकाबाट कार्यक्रमगत आर्थिक सहयोग प्राप्त गर्नको लागि निम्नानुसारको प्रकृया पूरा गरेको हुनुपर्नेछ ।

क) कार्यक्रमको उद्धेश्य, सहभागिताको स्तर, अनुमानित लागत, अपेक्षित उपलब्धि, नगरपालिकाबाट अपेक्षित सहयोग रकम र कार्यक्रम समाप्त भए पश्चात प्रतिवेदन उपलव्ध गराइने प्रत्याभूतिसहितको प्रस्ताब पेश गर्नुपर्ने ।

ख) वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने ।

ग) कार्यक्रम सम्पन्न भएपछि बिल भरपाईसहित प्रतिबेदन पेश गरी भूक्तानि प्राप्त गर्नुपर्ने ।

६. समपुरक कोषको रकम देहायबमोजिम हुने गरी बाँडफाँड गर्नुपर्नेछ ।

क) स्थानीय निकायको विशेष कोषतर्फ विनियोजित रकमको ३०% रकम निम्नानुसारका कोषमा राखिनेछ ।

अ) कर्मचारी कल्याण विशेष कोष ७%

आ) दैवि प्रकोप उद्दार विशेष कोष ५%

इ) कृषि, वन तथा वातावरण संरक्षण विशेष कोष ३%

ई) महिला तथा वालवालिका विशेष कोष ५%
(ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति समेत)

उ) स्वास्थ्य सामुदायिक विशेष कोष २%

ऊ) गरिवी निबारण विशेष कोष २%

ऋ) मर्मत सम्भार विशेष कोष ६%

ख) म्याचिङ्ग फण्ड ३०%

ग) बुँदा नं. ३ को खण्ड ग अनुसारका परियोजनाका लागि १०%

घ) बुँदा नं. ३ को खण्ड घ अनुसारका परियोजनाका लागि २०%

ङ) बुँदा नं. ३ को खण्ड ङ र च अनुसारका परियोजनाका लागि १०%

७. यस कोषबाट खर्च गर्दा वार्षिक विनियोजित रकमको प्रति चौमासिक एक तिहाईभन्दा बढी खर्च गर्न सकिने छैन ।

८. आर्थिक सहयोग उपलब्ध गराउँदा विधिवत रुपमा दर्ता नभएका र निष्कृय संघ संस्थाहरुलाई कार्यक्रमगत सहयोग उपलब्ध गराइने छैन ।

९. नगर क्षेत्रमा खेल प्रतियोगिता सञ्चालन गर्दा खेलको स्तर निर्धारण गरी सिफारिस भएका तपशिल बमोजिमका प्रतियोगिताका लागि तपशिलबमोजिम हुनेगरी सहयोग उपलब्ध गराइनेछ

क) राष्ट्रियस्तरको खेल प्रतियोगिता रु. २५,०००।—

ख) प्रादेशिकस्तरको खेल प्रतियोगिता रु. २०,०००।—

ग) जिल्ला/नगरस्तरीय खेल प्रतियोगिता रु. १५,०००।—

घ) वडास्तरीय खेल प्रतियोगिता रु. ५,०००।—

१०. विभिन्न कार्यक्रमका लागि म्याचिंग फण्ड राख्न अनुरोध भइआएका आयोजनाहरु र स्थानीय तहको विभिन्न कोषमा व्यवस्था गर्नुपर्ने रकमहरु बाहेक रू १,२५,०००।— भन्दा बढीको आयोजना यस कोषबाट खर्च गर्न सकिने छैन ।

११. यस कोषबाट मासिकरुपमा खर्च भएको रकमको बिबरण कार्यकारी अधिकृतले कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नुपर्नेछ ।

१२. यसमा नलेखिएका विषयहरु प्रचलित नेपाल कानुनको आधारमा नगरपालिका प्रमुखले व्याख्या गर्न सक्नेछ ।

१३. कार्यबिधि कार्यान्वयनमा कुनै बाधा/व्यवधान परेमा नगर कार्यपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

| |
|---|
| आज्ञाले,<br>छविलाल सुवेदी<br>प्रमुख प्रशासकीय अधिकृत |
| |
| |